गोरखनाथमा वृक्षारोपन । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

sfof{no

थाहा नगरपालिका-८

मिडिया चोक, मकवानपुर

;Dks{g+

९८०७२२५०७२

Od]n

bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-११, ● अंक-०३, ● २०७५ साउन २१ गते सोमबार, ● 06 Aug. 2018, ● नेपाल सम्वत्-११३८, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

### सच्याईएको

**विकास** खबरपत्रिका साप्ताहिकको वर्ष ११ अंक ०२ मा प्रथम पृष्ठ बाहेक अन्य पृष्ठहरूमा मिति २०७५ साउन १४ गते सोमबार, **30 July, 2018, Monday** हुनुपर्नेमा अन्यथा लेखिएकोले सच्याइएको छ । **-सम्पादक**

## थाहानगरका यि हुन्

# कक्षा अपग्रेड पाउने विद्यालय

◆ विकास संवाददाता
**थाहानगर**

मकवानपुरको थाहा नगरपालिकामा रहेका विभिन्न विद्यालयहरूले कक्षा अपग्रेडको अनुमति पाएका छन् । केही विद्यालयले विषय थपको समेत अनुमति पाएका छन् । थाहानगर शिक्षा समितिले स्रोत सुनिश्चित तथा पूर्वाधार पुगेका विद्यालयहरूलाई अनुमति दिइएको हो । नगर शिक्षा समितिले थाहा नगरपालिकाको जनकल्याण माविमा शैक्षिक सत्र २०७३ बाट अध्यापन भइरहेको कृषि तर्फ बाली विज्ञान विषयको अध्यापनको लागि कक्षा ११ को अनुमति दिएको थाहा नगरपालिका शिक्षा शाखा प्रमुख लक्ष्मण दाहालले जानकारी दिए । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) ३ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले जनकल्याणले अनुमति पाएको हो ।

जनकल्याण माविमा बाली विज्ञानतर्फ कक्षा ९ र १० अध्यापन हुँदै आएकोमा विद्यालयको मागको आधारमा नगर शिक्षा समितिको २०७४ चैत्र २८ को निर्णय अनुसार अनुमति प्रदान गरिएको हो । जनकल्याण मावि मकवानपुरको उत्तरी क्षेत्रमा नै उच्च शिक्षा शुरू गर्ने पहिलो विद्यालय हो । विद्यालयले बाली विज्ञानमा कक्षा ११ को साथसाथ सिटिइभिटीको डिप्लोमा तह (आइएससीएजी) समेत एकसाथ सञ्चालन गर्ने भएको छ । दुबैतर्फको कक्षा यसै शैक्षिक सत्र २०७५ बाट संचालन गर्ने गरी तयारी भएको विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्कीले बताए । विद्यालयले थाहानगरको विकासको आधार कृषि पर्यटन र पुर्वाधार भन्ने नारालाई समेत बलियो बनाउन जनकल्याणको शिक्षा प्रभावकारी हुने प्रधानाध्यापक कार्कीले बताए । कक्षा १० मा प्राविधिक धार अध्ययन गरी एसइइमा जिपिए १.६ प्राप्त गरेका विद्यार्थीहरूले कक्षा ११ मा अध्ययन गर्न पाउने छन् भने



फाइल फोटो

कम्तिमा एसईई परीक्षामा अँग्रेजी, विज्ञान र गणितमध्ये कुनै दुई विषयमा सी र एक विषयमा डी प्लस ग्रेड ल्याउने विद्यार्थीहरू बाली विज्ञान डिप्लोमा तह अध्ययनका लागि योग्य हुनेछन् । अहिले जकलयाण माध्यमिक विद्यालयमा कक्षा ९ मा ३२ र १० कक्षामा ३७ विद्यार्थी छन् ।

थाहा नगरपालिका वडा नं. ७ मा रहेको सुन्दरीदेवी माध्यमिक विद्यालयमा अध्यापन हुँदै आएको प्राविधिक धार तर्फको सिभिल इन्जिनियरिङको पनि कक्षा ११ को अनुमति पाएको छ । सुन्दरीदेवीमा शैक्षिकसत्र २०७३ बाट प्राविधिक शिक्षा अध्यापन शुरू भएको हो । विद्यालयले प्राविधिक धारतर्फको प्राविधिक शिक्षा पठनपाठन पछि पछिललो समय यसतर्फ आकर्षण बढेको प्रधानाध्यापक प्रताप सिं गोलेले जानकारी दिए । थाहानगर शिक्षा समितिले थाहा-१० टौखेलमा रहेको नाटेश्वर माध्यमिक विद्यालय टौखेलले माध्यमिक तहको कक्षा १२ संचालन गर्न अनुमति पाएको छ ।

थाहा नगरपालिका वडा नं. ५ तसर मा रहेको दुर्गादेवी आधारभूत विद्यालयलाई आधारभूत तह अन्तर्गत कक्षा ६ संचालन गर्न अनुमतिको दिइएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले अनुमति दिइएको हो । त्यस्तै थाहा नगरपालिका वडा नं. ११ मा रहेको माहांकाल आधारभूत विद्यालयलाई पनि कक्षा ६ को अनुमति दिइएको छ ।

थाहा-३ को जन कल्याण माध्यमिक विद्यालयले माध्यमिक तहको कक्षा ११ मा थप साहित्य विषय अध्यापन गराउन अनुमति पाएको छ । थाहा १० मा रहेको नाटेश्वर माध्यमिक विद्यालय टौखेलले माध्यमिक तहको कक्षा ११ मा थप जनसंख्या विषय अध्यापन गराउन अनुमति पाएको छ ।

**यसैबीच** थाहा नगरपालिकाले निजी विद्यालयतर्फ थाहा-३ घर्तिखोलामा रहेको न्यु भिजन एकेडेमीलाई प्राथमिक तह अन्तर्गत कक्षा ५ संचालन गर्न अनुमतिको दिइएको छ भने थाहा नगरपालिका वडा नं. ६ मा रहेको सरस्वती विद्या मन्दिर इङ्लिस बोर्डिङ स्कूललाई कक्षा ९ संचालनको अनुमति दिइएको छ । शिक्षा समितिको निर्णय अनुसार शैक्षिक सत्र २०७५ बाट कार्यान्वयन हुनेगरी नयाँ एक निजी विद्यालयलाई अनुमति दिइएको छ । समितिले दामन शिखरकोटको माइनस्टोन इङ्लिस बोर्डिक स्कूललाई अनुमति दिइएको छ ।




**विद्युत बक्यौता महशुल भुक्तानी गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रबाट विद्युत सेवा उपभोग गरे वापत विद्युत महशुल भुक्तानी गर्न बाँकी रहेका ग्राहक महानुभावहरुको बिना सूचना विद्युत लाईन काट्ने कार्यक्रम संचालन भईरहेको हुँदा महशुल भुक्तानी गर्न बाँकी रहेका ग्राहक महानुभावहरुले तत्काल कार्यालयमा सम्पर्क राखी सम्पूर्ण बाँकी बक्यौता रकम भूक्तानी गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । अन्यथा बाँकी वक्यौता रहेका ग्राहकको लाईन बिना सूचना कुनै पनि समयमा काटिने व्यहोरा अनुरोध छ ।

**नेपाल विद्युत प्राधिकरण**
kfn'a lj t/0f s]Gb|
थाहा नगरपालिका, मकवानपुर

**JolQmut 36gf btf{ ;DaGwL h?/L ;'rgf Û**

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

yfxf gu/kflnsf
gu/ sfo{kflnsfsf] sfof{no
OGb|o0fLrf}, dsjfgk'/

**नेपाल सरकारको सूचना Û**

**अनलाईन उजुरी विधि अवलम्बन गरौं, आफ्नो कुरा प्रष्ट पारौं । विभिन्न संचार माध्यममा आएका समाचार सामाग्रीहरु पत्रकार आचारसंहिता प्रतिकुल भएमा प्रेस काउन्सिल नेपालको वेभसाईट** *www.presscouncilnepal.org* **मा गई अनलाइन उजुरी गर्न सकिन्छ ।**

**नेपाल सरकार**
;~rf/ tyf ;'rgf k|ljlw dGqfno
**सूचना तथा प्रशारण विभाग**

## सम्पादकीय

# कर 'कर' हैन 'रहर' बन्नुपर्छ

**संघीयता कार्यान्वयनसगै लागि प्रदेश तथा स्थानीय सरकारले करको दायरा र दर दुवै बढाएका छन् । आ–आफ्नो आन्तरिक आय बढाउनको लागि आर्थिक वर्ष २०७५/०७६ का लागि करको दर निर्धारण गरिएका छन् । यि दरहरु साउन १ गतेबाटै लागू भइसकेको छ । कर बढ्दा सर्वसाधारण जनता र व्यवसाय गर्ने दुवैलाई बोझ थपिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्नसक्ने क्षमतालाई पनि कर निर्धारणको आधार बनाइनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै, संविधानको धारा ६० मा सघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजश्व उठाउन सक्ने व्यवस्था छ । तर, साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनुपर्छ । त्यस्तै, धारा २२८ अनुसार कानूनबमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाईँदैन । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रमबजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ । अनुसूची ८ का अनुसार स्थानीय तहले स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन आदि असुल्न सक्छ ।**

**स्थानीय सरकारका प्रमुखहरूले देश संघीयताको अभ्यासमा गइसकेकाले खर्च व्यवस्थापनका लागि पनि करको दर तथा दायरा दुवै बढाउनुपर्ने बाध्यता रहेको बताउँदै आएका छन् । तर, यससँगै कतिपय स्थानीय तहमा संविधान विपरीत कर बढाइएको भन्दै सर्वत्र निन्दा हुन थालेको छ । हुन पनि संघीयतामा गइसकेपछि जनहितका लागि विकासका योजना आउँछन् भन्ने अपेक्षा राखेका जनता पछिल्लो समय करको भारीले थिचिनु पर्दा संघीयताको परिभाषा खोज्न थालेका छन् र जनतामा स्थानीय सरकारप्रति वितृष्णा पैदा हुन थालेको छ ।**

**तहगत सरकारले स्थानीय प्राकृतिक स्रोत उपयोग गरेर उत्पादित वस्तुमा कर लगाउन पाउने व्यवस्था भए पनि स्रोत उपयोग नगर्ने उत्पादनमा समेत जबर्जस्ती कर लगाइएको छ । उदाहरणस्वरूप वीरगञ्ज महानगरले नै सिमेण्ट र नयाँ फलामजन्य उत्पादनमा कर असुली गरिरहेको पाइएको छ । स्थानीय सरकारले कर लगाउने ठाउँ खोजिरहेका छन् भने सघीय सरकारले स्वतन्त्र रूपमा काम गर्न नदिएको आरोप पनि लगाइरहेका छन् । यसले सघीय सरकार र स्थानीय सरकारबीच द्वन्द्व बढ्दै गएको पनि देखिएको छ ।**

**स्थानीय सरकारले जनतामाथि करको भारी बोकाउनुलाई खर्च जोहो गर्ने सहज उपाय सोचेपछि जनता निराश हुन थालेका छन् । यसले आमजनतामा सघीयताप्रति नै वितृष्णा पैदा हुने खतरा बढेको छ । तसर्थ स्थानीय तहहरुले आफ्ना नागरिकहरुलाई करको प्रभाव र उपलब्धी बुझाएर करलाई रहरमा परिणत गर्न सके अपेक्षित कर पनि संकलन हुनेछ भने, कर 'कर' हैन 'रहर' बन्नेछ, विकासको आधारशीला तय गर्नेछ ।**

### yfxfgu/kflnsfsf]zv/sf] sfp06/af6 lbjf a; ;]jf

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### dxTjk"0f{6]lnkmf]g gDa/x?

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# समृद्धिका लागि प्राविधिक शिक्षा



✍ afa'sfhL sfsL{

जीवनोपयोगी प्राविधिक शिक्षाको सर्वसुलभताले मात्रै 'समृद्ध नेपाल सुखी नेपाली' भन्ने सरकारी नाराले सार्थकता पाउन सक्छ । हाम्रो शिक्षा गरिखानेभन्दा पनि मागिखाने जनशक्ति उत्पादनतिर लक्षित भएको गुनासो सत्यताको नजिक पाइन्छ । समयको मागअनुसार देश तथा विदेशका श्रमबजारमा खरो प्रतिस्पर्धा गर्नसक्ने सक्षम जनशक्ति आजको आवश्यकता हो । रोजगारका लागि भौंतारिनेभन्दा पनि रोजगार सृजना गर्नसक्ने प्रतिभाशाली शिक्षा जनशक्ति उत्पादन गर्ने शिक्षाले मात्र बेरोजगारी समस्याको हल गर्न सक्छ । प्राविधिक शिक्षाले रोजगारका अवसर प्राप्त गर्न सहजता प्रदान गर्छ । तर, कुन क्षेत्रका कस्ता प्राविधिक कति चाहिन्छन् भन्ने भविष्यदर्शी योजनाको अभाव र हचुवाको भरमा कार्यक्रम ल्याउने प्रवृत्तिले आवश्यक प्राविधिक जनशक्तिको अभाव खट्किएको छ । साधारण शिक्षा मात्र अध्ययन गर्ने प्रवृत्तिले देशमा बेरोजगारीको समस्या बढ्दै गएको परिवेशमा शीपमूलक गुणस्तरीय प्राविधिक शिक्षा समस्या समाधानका लागि वरदान सावित हुन सक्छ । अहिले पनि झण्डै ४५ लाखको हाराहारीमा वैदेशिक रोजगारीमा गएका युवाले पठाएको विप्रेषणले अर्थतन्त्र धान्न विवश हाम्रो देशमा जीवनोपयोगी पौरखी प्राविधिक शिक्षा अपरिहार्य भइसकेको छ । वैदेशिक रोजगारमा जाने युवालाई पनि त्यहाँको मागअनुसार शीपमूलक तालीम दिएर पठाउन सके उनीहरूको कमाइमा उल्लेख्य वृद्धि गर्न सकिन्छ । मुलुकको समृद्धिका लागि दक्ष जनशक्तिको आवश्यकता पर्छ । नेपालमा अहिले पनि प्राविधिक जनशक्तिको उत्पादन न्यून छ । देशको आवश्यकताका लागि मात्रै नभएर ठूलो सत्त्यामा वैदेशिक रोजगारीमा जाने युवाको आयआर्यजनमा समेत वृद्धि गर्न योजनाबद्ध प्राविधिक शिक्षा आजको आवश्यकता हो । रोजगारका लागि भौंतारिनेभन्दा पनि रोजगार दिन सक्ने सृजनात्मक तागत भएको जनशक्ति उत्पादन गर्ने राज्यको शिक्षा नीति हुनुपर्छ ।

प्रत्येक वर्ष माध्यमिक शिक्षा परीक्षा (एसईई)बाट करीब ५ लाख परीक्षार्थी उत्तीर्ण भएका छन् । उनीहरूलाई भविष्यको शैक्षिक यात्राका लागि मुख्यतया प्राविधिक र साधारण शिक्षामध्ये छनोट गर्नुपर्ने हुन्छ । धेरै लगानी गरेर लामो समयसम्म अध्ययन अनुसन्धान तहसम्मका लागि साधारण शिक्षा रोज्नु स्वाभाविकै हो । आफ्नो योग्यता क्षमता र आर्थिक हैसियतको ख्यालै नगरी उच्च शिक्षाको विषय र बाटो रोज्दा भविष्य अलपत्र परेका उदाहरण बग्रेल्ती पाइन्छन् । हाम्रो जस्तो विकासोन्मुख देशमा मध्यमस्तरीय शीप भएका प्राविधिक जनशक्ति प्रशस्त आवश्यक पर्दछ । एसईई पार गरेका परीक्षार्थीका लागि विभिन्न क्षेत्रमा स्वरोजगार बन्ने अवसर प्रदान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सीटीईभिटी)ले विविध क्षेत्रमा अध्ययन र तालीमको अवसर प्रदान गर्दै आएको छ । एसईई परीक्षा उत्तीर्ण टीएसईई र डिप्लोमा गरी करीब ४५ हजारभन्दा बढीले सीटीईभिटीअन्तर्गत देशका विभिन्न क्षेत्रमा छरिएर बसेका शिक्षण संस्थामार्फत प्राविधिक शिक्षाको अध्ययन गर्ने अवसर छ । सीटीईभीटीअन्तर्गतका ३ सय ३१ संस्थाबाट विभिन्न प्राविधिक क्षेत्रमा १८ हजार विद्यार्थीले डिप्लोमा कोर्स अध्ययन गर्न पाउने सुविधा प्रदान गरिएको छ । त्यस्तै २ सय ८० सम्बन्धन प्राप्त निजी संस्थाले पनि विभिन्न प्राविधिक कोर्स सञ्चालन गरिए पनि पर्याप्त देखिएको छैन । हाम्रो जस्तो भौगोलिक विकटता र सामाजिक आर्थिक विभिन्नता भएको देशमा गुणस्तरीय प्राविधिक शिक्षामा सहज पहुँचको सुनिश्चितताका लागि सरकारले विशेष ध्यान दिन विलम्ब भइसकेको छ । विगतका वर्षमा साधारण शिक्षामा मात्र जोड दिंदा शिक्षण संस्था शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखानाको रूपमा चित्रित भएका थिए । तर, पछि विद्यालय तहदेखि नै प्राविधिक धारका आधारभूत ज्ञान र शीप प्रदान गर्ने समयानुकूल सकारात्मक नीति राज्यले लिएको पाइन्छ ।

**हाम्रो जस्तो विकासोन्मुख देशमा मध्यमस्तरीय शीप भएका प्राविधिक जनशक्ति प्रशस्त आवश्यक पर्दछ । एसईई पार गरेका परीक्षार्थीका लागि विभिन्न क्षेत्रमा स्वरोजगार बन्ने अवसर प्रदान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सीटीईभिटी)ले विविध क्षेत्रमा अध्ययन र तालीमको अवसर प्रदान गर्दै आएको छ । एसईई परीक्षा उत्तीर्ण टीएसईई र डिप्लोमा गरी करीब ४५ हजारभन्दा बढीले सीटीईभिटीअन्तर्गत देशका विभिन्न क्षेत्रमा छरिएर बसेका शिक्षण संस्थामार्फत प्राविधिक शिक्षाको अध्ययन गर्ने अवसर छ । सीटीईभीटीअन्तर्गतका ३ सय ३१ संस्थाबाट विभिन्न प्राविधिक क्षेत्रमा १८ हजार विद्यार्थीले डिप्लोमा कोर्स अध्ययन गर्न पाउने सुविधा प्रदान गरिएको छ ।**

दिनप्रतिदिन युवा जनशक्ति रोजगारीका लागि विदेशिनु देशका लागि कदापि शुभ संकेत होइन । उनीहरु आफ्नै देशमा उपलब्ध पेशाव्यवसाय अँगाल्न हिचकिचाउँदै हजारौं, लाखौं रूपैयाँ खर्च गरेर खाडी मुलुकको जोखीमपूर्ण वातावरणमा फलफूल तथा तरकारीखेती, भेडा चराउने, गधा जोत्नेजस्ता कृषिजन्य काम गर्न तँछाडमछाडका साथ पुगेका छन् । अर्कोतर्फ छिमेकी देशबाट जनशक्ति रोजगारीका लागि नेपाल आएर फलफूल, तरकारी र अन्य सामान बेच्न शहर बजारमा मात्र नभएर विकट गाउँमा पनि छ्यापछ्याप्ती पुगेको पाइन्छ । तर, गर्वका साथ त्यही काम स्वदेशमा नेपालीले किन गर्दैनन् ? त्योभन्दा तल्लो स्तरको काम गर्न मुग्लान नै पस्नुपर्ने किन ? यस्तो मनोवैज्ञानिकतालाई कसरी परिवर्तन गर्न सकिएला ? आˆनो देशमा रोजगारी नपाएमा चारैतिर अभावै अभावबाट छटपटिई निराश भई विरक्तिएर विदेशिएका नेपाली झन् कष्टकर, अमानवीय व्यवहार सहन बाध्य भएर बिचल्लीमा परेको समाचार छापामा बग्रेल्ती पाइन्छ । यसरी तावाबाट उम्केको माछा भुङ्ग्रोमा परेर तड्पिएको चरितार्थ त्यहाँ पाइन्छ । त्यही पेसा स्वदेशमा गर्दा र विदेशमा गर्दा समाजको र व्यक्तिको हेराईमा फरक हुनाका कारण के हो ? हाम्रो शिक्षाले विदेशिने जनशक्तिलाई स्वदेशमा नै प्रयोग गर्न के गर्नुपर्ला ?

कतिपय विशिष्ट श्रेणीमा उत्तीर्ण भएकाहरु जसलाई उच्च गुणस्तर भनिन्छ, उनीहरूको अपेक्षाकृत व्यवहार सकारात्मक भएको देखिन्न । त्यसकारण सृजनशील, लगनशील, प्रतिस्पर्धी, उत्साही, ऊर्जाशील सफल नागरिक बनाउने खालको व्यावहारिक पौरखी शिक्षा आजको आवश्यकता हो । यसअनुसार श्रमप्रति सम्मान जगाउने धारणाको विकास गराउनुपर्छ । पौरखी नागरिक बनाउन वर्तमान शैक्षिक पद्धतिलाई विद्यार्थीकेन्द्रित गरिनुपर्छ । त्यस्तै, विद्यालयको वातावरण विद्यार्थीको जीवनपद्धति र अनुभवलाई सम्बोधन गर्ने खालको हुनुपर्छ । पौरखी नागरिक बन्ने अभ्यास विद्यालयमा आयोजना गरिने क्रियाकलापमा विद्यार्थीको अधिकतम संलग्नतामा सम्पन्न गर्ने नीतिलाई प्राथमिकता दिइनुपर्छ ।

कुनै व्यक्तिको प्रमाणपत्रको प्राप्ताङ्कभन्दा पनि उसले देखाउने बानीव्यवहार, चालचलन र चरित्रको आधारमा गुणस्तरीय शिक्षा परिभाषित हुनुपर्छ । हाम्रो मूल्याङ्कन पद्धति कसरी विश्वसनीय र वस्तुनिष्ठ बनाउन सकिन्छ भन्ने चिन्ता र चिन्तन गर्नुपर्ने देखिन्छ । किनकि १ सय पूर्णाङ्कमा सरदर ३२ प्रतिशत मात्रै विषयवस्तु जानेमा उत्तीर्ण हुने पद्धतिलाई पुनरावलोकन गरिनुपर्छ । त्यसप्रकारको परीक्षाबाट पनि सरदर ५२ प्रतिशत अंक मात्रै विद्यार्थीले प्राप्त गरेको अध्ययन अनुसन्धानले पुष्टि गरेको छ । अर्कोतर्फ कतिपय विशिष्ट श्रेणीमा उत्तीर्ण भएकाहरु जसलाई उच्च गुणस्तर भनिन्छ, उनीहरूको अपेक्षाकृत व्यवहार सकारात्मक भएको देखिन्न । त्यसकारण सृजनशील, लगनशील, प्रतिस्पर्धी, उत्साही, ऊर्जाशील सफल नागरिक बनाउने खालको व्यावहारिक पौरखी शिक्षा आजको आवश्यकता हो । यसअनुसार श्रमप्रति सम्मान जगाउने धारणाको विकास गराउनुपर्छ । पौरखी नागरिक बनाउन वर्तमान शैक्षिक पद्धतिलाई विद्यार्थीकेन्द्रित गरिनुपर्छ । त्यस्तै, विद्यालयको वातावरण विद्यार्थीको जीवनपद्धति र अनुभवलाई सम्बोधन गर्ने खालको हुनुपर्छ । पौरखी नागरिक बन्ने अभ्यास विद्यालयमा आयोजना गरिने क्रियाकलापमा विद्यार्थीको अधिकतम संलग्नतामा सम्पन्न गर्ने नीतिलाई प्राथमिकता दिइनुपर्छ । साथै उनीहरूको पारिवारिक, आर्थिक, सामाजिक सांस्कृतिक मूल्यमान्यता संस्कार एवम् भावना आदिलाई दृष्टिगत गरी शैक्षिक नीति तर्जुमा गरिनुपर्छ । राज्यले तोकेको पाठ्यक्रमको अतिरिक्त तीव्र गतिमा परिवर्तन आएको विज्ञान र प्रविधिलाई विद्यालयमा प्रवेश गराउनुपर्छ । जसले विद्यार्थीलाई भविष्यमा स्वरोजगार भई बाँच्न प्रेरित गर्न सकोस् ।

# हेटौंडा अस्पतालको निर्माण बल्ल शुरू भो

◆ विकास संवाददाता

प्रदेश ३ का मुख्यमन्त्री र हेटौंडाका मेयरको निर्देशनपछि हेटौंडा अस्पतालको भवन निर्माणको काम सुरू भएको छ । हेटौंडा अस्पताल परिसरमा रहेका केही रूख कटान गर्न नसकिएको अवस्थालाई देखाएर विगत आठ महिना अगाडिबाट करोडौं रूपियाँको भवन निर्माणको रोकिएको थियो ।

हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतको निर्देशनमा बुधबार दिउँसो नै अस्पताल परिसर भित्रका केही रूख कटान गरिएपछि भवन निर्माणको काम सुरू गर्नका लागि सजिलो भएको हो । अस्पताल भित्रको दुईवटा कुकाठका दुईवटा रूख र केही अशोकका बिरूवा कटानको कामलाइ देखाएर भवन प्रविधि तथा अनुसन्धान केन्द्र, हेटौंडा अस्पताल र अस्पतालको भवन निर्माणको जिम्मा पाएको निर्माण कम्पनीले काम अघि बढाएका थिएनन् । रूख कटानको सबै प्रोसेस सकिए पनि विगतका आठ महिना चिठ्ठी लेख्ने र आदान प्रदान गर्नेमै बितेको थियो । हेटौंडा अस्पतालमा बुधबारको निरीक्षण सकिने बित्तिकै उपमहानगरपालिकाका केही कर्मचारीको सहयोगमा रूख कटानको काम गरिएको थियो । रूख कटानलाई देखाएर २८ करोड रूपैयाँ लागतमा हेटौंडा अस्पताल निर्माणको काम नै कर्मचारीहरू र निर्माण व्यवसायीहरूले रोकेका थिए । पुरानो मानसिकताका कारण अझै पनि एक कार्यालयले अर्को कार्यालयलाई देखाउने र कामै नगर्ने प्रवृत्तिको अन्त्य गर्नका लागि आफैंले निर्देशन दिएर काम अघि बढाएको मेयर महतले बताए ।

जिल्ला वन कार्यालय र अस्पतालबाट रूख कटान गर्ने सबै प्रकृया पूरा भएपनि रूख कटान भने गरिएको थिएन । करिब २८ करोड १७ लाख रूपियाँ लागतमा निर्माणमा हुने भवनको ठेक्का २०१७ नोभेम्बरमा आशिष एण्ड डीएस जेबीले सकारेको थियो । करिब एकहजार वर्गमिटर मा निर्माण हुने भवन २०२० सम्ममा सम्पन्न हुने बताइएको छ । हाल हेटौंडा अस्पताल एकसय २० बेड सञ्चालनको अनुमति रहेको छ । संघीय सरकारले क्षेत्रीय अस्पतालको रूपमा विकास गर्ने पटक/पटक प्रयास गरेपनि अस्पतालको भौतिक संरचना निर्माण हुन नसक्दा अस्पतालले 'रिफर सेन्टर'को उपमा पाएको थियो ।

# भूकम्पपीडितलाई संयुक्त पुर्जा



◆ विकास संवाददाता

मकवानपुर राक्सिराङ गाउँपालिकाका भूकम्प प्रभावित ८ परिवार ले ८ साउनमा दम्पतीका नाममा जग्गाधनी पुर्जा लिएका छन्। राक्सिराङ गाउँपालिकाका-४ पञ्जनीका ४ र ७ का ४ पीडित परिवारलाई सुरक्षित स्थानमा बस्ती स्थानान्तरण जग्गा दिइएको हो। ०७२ को विनाशकारी भूकम्पका कारण भौगोलिक रूपमा जोखिमयुक्त बस्ती स्थानान्तरण गर्नुपर्ने भनी प्राधिकरणले निर्धारण गरेको मकवानपुरका १४ परिवार मध्ये १० का लागि जग्गा खरिद गरिसकेकाले ८ परिवारलाई जिसस प्रमुख रघुनाथ खुलालले संयुक्त जग्गाधनी पुर्जा प्रदान गरेका हुन्।

राक्सिराङ गाउँपालिका र जिल्ला आयोजना कार्यान्वयन इकाई आयोजना तथा दिगो समाधान परियोजनाको सहजीकरणमा स्थानान्तरण गर्न जग्गा प्रदान गरिएको हो। ८ लाभग्राहीमध्ये ४ लाई मनहरीको चैनपुर र ४ लाई मनहरीकै सुनाचुरीमा जग्गा खरिद गरिएको छ। संयुक्त लालपुर्जा पाउने भूकम्प प्रभावितमा राक्सिराङ ७ काँकडाका राममाया/आकाश चेपाङ, साइला/साइली चेपाङ, अण/निरमाया चेपाङ, किरणबहादुर/लालमाया चेपाङ रहेका छन्।

उनीहरूलाई मनहरीको सुनाचुरीमा जग्गा उपलब्ध गरिएको छ। यसैगरी, राक्सिराङ ४ पजनीका अमरबहादुर मुक्तान, कुवेर मुक्तान/विष्णुमाया थिङ, हरिराम/ठूलीमाया चेपाङलाई मनहरीको चैनपुरमा संयुक्त लालपुर्जा दिइएको छ। प्रत्येक परिवारलाई १०/१० धुर १ लाख ८० हजारदेखि २ लाख रूपैयाँसम्मको जग्गा खरिद गरिएको थियो। लाभग्राहीका पतिपत्नीका नाममा संयुक्त लालपुर्जा बनाइएको छ। जग्गा खरिद गर्न रकम जिल्ला आयोजना कार्यान्वयन इकाईले उपलब्ध गराएको हो।

लालपुर्जा लिंदै राक्सिराङ ७ की राममाया चेपाङ ढिला भए पनि सुरक्षित ठाउँमा बस्ने पाउने हुँदा खुसी जनाइन्। मकवानपुरमा भूकम्प प्रभावित जोखिम परिवार १४ मध्ये तीन परिवारको जग्गा खरिद गर्न बाँकी छ। १ लाभग्राहीको अन्यत्र घरसमेत बनाइसकेको आयोजना कार्यान्वयन इकाईका प्रमुख सोमराज तिमिल्सिनाले बताए। मकवानपुरमा ३१ हजार ८ सय १७ भूकम्प प्रभावित लाभग्राही रहेकामा हाल गुनासो फर्स्योटबाट १ हजार ४ सय ४३ पुनः थप भएर ३३ हजार २ सय ६६ पुगेको छ। तीमध्ये हालसम्म २५ हजार २ सय ८६ (७९ प्रतिशत) ले अनुदान सम्झौता गरेका छन्। जसमध्ये २४ हजार ३ सय ३० (९६ प्रतिशत) ले पहिलो किस्ताको रकम लिइसकेका छन् भने ७ हजार ९ सय ४८ (२६ प्रतिशत) ले मात्र तेस्रो किस्ता लिएका छन्। तेस्रो किस्ता भुक्तानीका लागि ८ हजार ९ सय ७७ ले निवेदन दिएको तिमिल्सिनाले जनाए। हालसम्म जिल्लामा ७ हजार ८ सय ३५ घर पुनर्निर्माण भएका छन्।

# मकवानपुरमा तुईन विस्थापित हुँदै

◆ विकास संवाददाता



मकवानपुरमा गत आवमा ४ झोलुंगे र एउटा पक्की पुल निर्माण भएका छन् । आव ०७४/७५ मा ६ झोलुंगे र ५ पक्की पुलको निर्माण सु भएको थियो। झोलुंगे पुल अभावमा बर्सेनि १२२ जनाको सरोवरमा डुबेर मृत्यु हुन्थ्यो। इन्द्रसरोवर गाउँपालिका १, सिम्लाङमा २५ लाखमा झोलुंगे पुल बनेको हो।

झोलुंगे पुलेको अभाव उक्त क्षेत्रका बासिन्दा इन्द्रसरोवर वारपार गर्न काठे डुंगाको भर पर्ने गरेका थिए। 'यहाँ झोलुंगे पुल निर्माण भएर स्थानीयलाई सहज भएको छ,' इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष जीवन लामाले भने, 'यो झोलुंगे पुल भएर ४/५ गाउँका बासिन्दा वारपार गर्छन्।' १ सय ९ मिटर लामो झोलुंगे पुलबाट सिम्लाङ, डाँडागाउँ, टौमासका बासिन्दा लाभान्वित भएका छन्। यसैगरी भीमफेदी गाउँपालिका भैंसेस्थित बोकेदहमा ४० लाखमा १ सय १५ मिटर लामो झोलुंगे पुल असारमै निर्माण पूरा भएको छ। पुल बन्नुअघि यस क्षेत्रका बासिन्दा बर्खाका बेला तुइनबाट वारपार गर्थे। बोकेदहमा निर्माण भएको झोलुंगे पुलले तुइन विस्थापित गरेको हो। यो पुलबाट ३ सय १२ घरधुरी लाभान्वित भएका छन्। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत जिल्ला समन्वय समितिले निर्माण गरेका झोलुंगे पुलमध्ये गत आवमा मकवानपुर गढी गाउँपालिका ७, सुकौरामा निर्माण सकेको छ।

३८ लाखमा निर्माण गरिएको झोलुंगे पुल १ सय ११ मिटर लामो छ। पुलबाट ५ सय १२ घरधुरी लाभान्वित भएका जिसस प्रमुख रघुनाथ खुलालले बताए। यसैगरी थाहा नगरपालिका ९, चित्लाङमा १७ लाखमा ३२ मिटर लामो झोलुंगे पुल बनेको छ। छोटो झोलुंगे पुल भए पनि ७ सय घरधुरी यसबाट लाभान्वित हुने राडो नेपालका इन्जिनियर चन्द्र योञ्जनले बताए। राडो नेपालको प्राविधिक सहयोगमा पुल निर्माण र मर्मत गरिएको छ। '४ झोलुंगे पुल आव ०७४/७५ बनिसक्यो,' उनले भने, '२ वटा साउनभित्र पूरा हुन्छन्।'

थाहा नगरपालिका ७, आग्रा र बकैया गाउँपालिका ठिगनमा झोलुंगे पुल निर्माण भइरहेको छ। ४ झोलुंगे पुलको मर्मत भइसकेको छ। ६ झोलुंगे पुलको निर्माण र मर्मत गर्न जिससले ३ करोड पैयाँ उपलब्ध गराएको थियो। जिससका अनुसार जिल्लाका विभिन्न क्षेत्रमा १० तुइन सञ्चालनमा छन्।

ती विस्थापित गर्ने उद्देश्यले सरकारले गत आवमा ६ झोलुंगे पुल निर्माणमा बजेट उपलब्ध गराएको थियो। ६ झोलुंगे पुल निर्माणपछि २ वटा मात्र तुइन विस्थापित हुन्छन। जिल्लाका ८ तुइनमार्फत २२ हजार जनसंख्या जोखिमयुक्त ढंगले दैनिक आवतजावत गरिरहेका छन्। जिल्लामा अहिले ५९ झोलुंगे पुल छन्। सबैभन्दा पुरानो झोलुंगे पुल कैलाश गाउँपालिकाको कालिकाटारमा छ। यो २०१९ सालमा अमेरिकी सरकारको सहयोगमा निर्माण गरिएको हो।

मकवानपुरमा ५ पक्की पुलको सम्झौता भए पनि बकैया गाउँपालिकाको हात्तीसुँढे-शिखरपुर सडकमा पक्की पुल निर्माण भएको छ। करिब २ करोड २१ लाखमा २५ मिटर लामो पक्की पुलको निर्माण सकिएको हो। जिल्लाका विभिन्न भागमा ४ पक्की पुल निर्माणाधीन अवस्थामा छन्। चालु आवको ६ महिनाभित्र ती पुल निर्माण पूरा हुने जिससले जनाएको छ।

# चित्लाङमा होमस्टेको संख्या बढ्यो

◆ विकास संवाददाता

मकवानपुरको चित्लाङमा आन्तरिक एवं बाहय पर्यटक आकर्षित भएकाले होमस्टे फस्टाउन थालेको छ। चित्लाङमा हालसम्म १२ होमस्टे सञ्चालनमा छन् । ६ वर्षअघिसम्म यहाँ एउटै थिएन ।

तत्कालीन जिविस मकवानपुरको सहयोगमा स्थानीयले ०६८ सालमा चार होमस्टे स्थापना गरेका थिए। थानकोट-चन्द्रागिरि केबलकार सञ्चालनमा आएपछि चित्लाङमा आन्तरिक एवं बाहय पर्यटकको आकर्षण बढेको छ। चित्लाङमा पर्यटकको आवागमन बढेकाले होमस्टेको संख्या पनि थपिँदै गएको हो। चालू आवमा अझै ५/६ होमस्टे थपिने सम्भावना छ । वर्षायाममा पनि आन्तरिक एवं बाहय पर्यटक चित्लाङ आउने गरेका छन्।

'पहिला पहिला शुक्रबार मात्र थानकोटबाट हिंडेर आन्तरिक एवं बाहय पर्यटक चित्लाङ आउँथे,' चित्लाङस्थित गुर्जुधारा होमस्टेका सञ्चालक बुद्धरत्न मानन्धरले भने, 'अहिले त साताभरि नै आउँछन्, कहिलेकाहीँ बस्ने ठाउँ नपुगेर टेन्ट गाडेर राख्नुपर्छ।' विशेषगरी शुक्रबार चित्लाङका १२ वटै होमस्टेमा पर्यटक अटाईनअटाई हुने गरेका छन्। मकवानपुरको उत्तरी क्षेत्रमा पर्ने थाहा नगरपालिका अन्तर्गत साबिकको चित्लाङ गाविसमा घुम्न आउने पर्यटकलाई खान र बस्न दिएर होमस्टे सञ्चालकले मासिक ५० देखि ८० हजार रूपैयाँसम्म आम्दानी गर्न थालेका छन्। सुरूमा होमस्टेमा पाहुना नआएर चिन्तित स्थानीय व्यवसायी अहिले निकै उत्साहित देखिन्छन्।

चित्लाङको ९ र १० नं. वडामा गरेर १२ वटा होमस्टे चलाइएको छ। 'बस्न आउनेको संख्या बढ्दै गएकाले होमस्टे पनि थपिँदै गएको छ,' चित्लाङ सामुदायिक होमस्ट समिति संयोजक राधाकृष्ण बस्नेतले भने, 'चित्लाङ अब होमस्टे गाउँका रूपमा परिणत हुँदै छ।' यहाँ आउने आन्तरिक एवं बाहय पर्यटकलाई स्थानीयले बाजागाजासहित स्वागत गर्ने गरेका छन्। चित्लाङमा उत्पादन गरिएका खाद्यवस्तु मात्र खान दिइन्छ। आन्तरिक एवं बाहय पर्यटक बाक्लो रूपमा आउन थालेकाले केही होमस्टेहरू रिसोर्टका रूपमा विकास हुँदै गएका छन्।

पर्यटक दैनिक रूपमा बढदै गएपछि होमस्टेको 'फ्लेवर' नै सुरक्षित राख्न मुस्किल पर्ने हो कि भन्ने सञ्चालकलाई पर्न थालेको छ। 'होमस्टेको फ्लेवर बचाउन पर्छ, यसलाई रिसोर्टजस्तो बनाउनु हुँदैन,' स्थानीय काजी होमस्टेका सञ्चालक रामकृष्ण बस्नेतले भने, ' यसको आफ्नै पहिचान र परम्परा एवं परिभाषा छ।' चित्लाङमा अहिले जुन गतिमा होमस्टे स्थापना भए त्यही गतिमा रिसोर्ट पनि खुल्न थालेका छन्। होमस्टे र रिसोर्ट बढ्न थालेसँगै चित्लाङका जमिनको भाउ पनि ह्वात्तै बढेको छ।

केबलकार सञ्चालनसँगै चित्लाङमा प्राचीन सम्पदाको अध्ययन अवलोकन गर्ने पर्यटक पनि बढेका छन्। राजधानीनजिक रहेको प्राकृतिक मनोरम चित्लाङ घुम्न आउनेको संख्या बढ्नुको अर्को कारण बताउँछन् अध्यक्ष बस्नेत। काठमाडौंको थानकोटबाट १३ किलोमिटर दूरीको चित्लाङका अधिकांश होमस्टे सधैं भरिभराउ हुने गरेका छन्। काठमाडौंदेखि ट्रेकिङमा आउनेको बसाइ पनि यिनैमा हुन्छ। होमस्टे सञ्चालकले पाहुनालाई स्थानीय कलासंस्कृति पनि प्रदर्शन गर्ने गरेको सुनाए।

चित्लाङ थानकोट मोटरबाटो चाँडो नबनेकाले अझै समस्या भएको उनीहरूको भनाइ छ। 'यो मोटरबाटो बनेपछि चित्लाङमा पर्यटक थामी नसक्नु हुन्छ,' थाहा ननगरपालिका प्रमुख लवशेर विष्टले भने, 'उक्त मोटरबाटो छिटोभन्दा छिटो बनाउन दबाब दिइरहेका छौं।' सरकारले आगामी वर्षको बजेटमा थानकोट चित्लाङ सुङ मार्ग बनाउने घोषणा गरेको छ। सरकारको यो घोषणाले चित्लाङलगायत थाहा नगरवासी हर्षित छन्। सुरूङ बनेपछि राजधानीको सबैभन्दा नजिकको पर्यटकीय गाउँ चित्लाङ हुने उनको अनुमान छ।

पर्यटन विकास बोर्डले चार वर्षअघि मुलुकको पहिलो पर्यटकीय गाउँ घोषणा गरेको थियो। मकवानपुरको ऐतिहासिक रूपमा रहेको चित्लाङ प्राचीन सम्पदाले मात्र होइन, कला संस्कृतिले पनि धनी छ। चित्लाङले पर्यटक लोभ्याउन सफल भएकाले पर्यटन बोर्डले उक्त गाउँलाई पर्यटकीय गाउँका रूपमा घोषणा गरेको हो।




*चित्लाङ थानकोट मोटरबाटो चाँडो नबनेकाले अझै समस्या भएको उनीहरूको भनाइ छ। "यो मोटरबाटो बनेपछि चित्लाङमा पर्यटक थामी नसक्नु हुन्छ," थाहा ननगरपालिका प्रमुख लवशेर विष्टले भने, "उक्त मोटरबाटो छिटोभन्दा छिटो बनाउन दबाब दिइरहेका छौं।" सरकारले आगामी वर्षको बजेटमा थानकोट चित्लाङ सुङ मार्ग बनाउने घोषणा गरेको छ। सरकारको यो घोषणाले चित्लाङलगायत थाहा नगरवासी हर्षित छन्। सुरुङ बनेपछि राजधानीको सबैभन्दा नजिकको पर्यटकीय गाउँ चित्लाङ हुने उनको अनुमान छ।*

# जोनको कार्यक्षेत्र थपियो

◆ विकास संवाददाता

थाहा नगरपालिकामा आर्थिक वर्ष २०७४/०७५ देखि संचालनमा रहेको प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनाको कार्यक्षेत्र विस्तार भएको छ ।

कृषि आधुनीकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई अन्तर्गत वडा नं. १ देखि १० सम्म मात्र रहेकोमा ११ र १२ नम्बर वडा कार्यक्षेत्र थप भएको परियोजना कार्यान्वयन इकाई तरकारी जोनका प्रमुख सुजन अम्गाईले जानकारी दिए । थपिएका दुई वडा साविक टिष्टुङ गाविस हुन् ।

परियोजना व्यवस्थापन समितिको असार २७ गतेको बैठकले वडा थप गर्ने प्रस्ताव स्वीकृत भएको परियोजना निर्देशक डाक्टर नरहरी प्रसाद घिमिरेले बताए ।

# थाहाका कपडा तथा फेन्सी व्यवसायीको अध्यक्षमा बलामी



◆ विकास संवाददाता

उत्तरी मकवानपुरको थाहा नगर पालिकामा रहेका कपडा तथा फेन्सी व्यवसायीहरू संगठित भएका छन् । शनिबार थाहा नगरको शिखरकोटमा भएको कपडा तथा फेन्सी व्यवसायीहरूको भेलाले कपडा तथा फेन्सी व्यवसायी संघ थाहा नगर गठन गरेको छ ।

कल्पना थाहा कपडा उद्योग प्रा. लि. का सञ्चालक कल्पना बलामीको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति गठन गरिएको हो । समितिको उपाध्यक्ष उत्तमप्रसाद पौडेल, सचिब सुशान्त श्रेष्ठ, कोषाध्यक्ष उर्मिला भट्ट, सहसचिब राजभाइ श्रेष्ठ र सहकोषाध्यक्ष सन्तोष कुमार चौधरी चयन भएका छन् । त्यस्तै विक्रम रायमाझी, जयराम प्रधान, सुरेन्द्र गोपाली, रामबहादुर परियार र रामकृष्ण श्रेष्ठ सदस्य रहेका छन् । समितिको सल्लाहकारहरूमा मधुसुदन विष्ट, मिरा भट्ट, विजय मल्ल र रामहरि केसी चयन भएका छन् । समितिले विधान निर्माण गरी संस्था दर्ताको प्रक्रिया अघि बढाउने अध्यक्ष बलामी बताइन् ।

भेलामा कपडा तथा फेन्सी व्यवसायीहरूको समस्याका बारेमा छलफल भएको थियो ।

# असोज २४ देखि २७ सम्म टिष्टुङ महोत्सव

◆ विकास संवाददाता

थाहानगरमा यसपटक ऐतिहासिक टिस्टुङ अर्थात् हालको बज्रवाराहीमा फरक र मौलिक ढंगको महोत्सब आयोजना हुँदैछ । यसलाई आयोजकले टिस्टुङ सडक महोत्सवको नाम दिएको छ । बज्रवाराही बजार व्यवस्थापन समिति र न्हुः दँ मूल समारोह समितिले संयुक्त रूपमा महोत्सवको आयोजना गर्न लागेको छ । आगामी असोज २४ देखि २७ गतेसम्म ४ दिनका लागि सडक महोत्सवको मिति तय गरिएको मूल आयोजक समारोह समितिका संयोजक इन्द्रबहादुर श्रेष्ठले बताए ।



आयोजकले महोत्सवको नारा 'ऐतिहासिक टिस्टुङ हाम्रो पहिचान, समृद्ध टिस्टुङ हाम्रो अभियान' भन्ने नारा तय गरेको छ । हाल ५१ सदस्यीय मूल समारोह समिति गठन गरेर अघि बढेको आयोजकले बताएको छ । महोत्सवका लागि स्थानीय व्यवसायीहरू, राजनीतिक दल, वडा समिति लगायत सरोकारवालाहरूसँग छलफल गर्नुका साथै नगर कार्यपालिकासँग महोत्व गर्ने विषयमा स्वीकृति लिइसकेको संयोजक श्रेष्ठले बताए । समितिले टिष्टुङ महोत्सवलाई २०७५/०७६ को कार्यक्रममा समावेश गरिदिन भन्दै नेपाल पर्यटन बोर्डसमक्ष पनि पत्राचार गरिसकेको छ ।

महोत्सव शुरू हुन करिव अढाइ महनिा बाँकी हुँदा मूल समारोह समितिअन्तर्गत उपसमितिहरू गठन भइसकेको छैन । हाललाई साँस्कृतिक उपसमितिअन्तर्गत ३ वटा टिम बनाइएको आयोजकले बतायो । आयोजक समितिका संयोजक श्रेष्ठका अनुसार ईश्वरलाल रूम्बाको संयोजकत्वमा झाँकी व्यवस्थापन, मुक्तिनाथ उप्रेतीको संयोजकत्वमा गायन र रामकाजी महर्जनको संयोजकत्वमा नृत्य उपसमिति बनाइएको छ । यस वर्षबाट शुरू गरिएको टिस्टुङ सडक महोत्सवलाई हरेक वर्ष निरन्तरता दिने गरी पहल गरिने बताइएको छ । नेपाल सम्वत्अनुसार नयाँ वर्षलाई स्वागत तथा शुभकामना आदनाप्रदान गर्ने पर्व बनाउन पनि यसलाई नेपाल सम्वत्को नजिक मनाउने गरी निरन्तरता दिने आयोजकले सोच बनाएको छ । यसलाई न्हुः दँ महोत्सवको रूपमा मान्यता दिई नगरपालिकाको वार्षिक क्यालेण्डरमै समावेश गर्न नगर कार्यपालिकासँग अनुरोध गर्ने तयारीसमेत गरिएको छ ।

राष्ट्रिय विभूति शंखधर साख्वाको योगदानलाई कदर गर्दै शुरू गरिएको नेपाल सम्वत्ले संसदबाट राष्ट्रिय मान्यता पाइसकेको छ । नेपाल सम्वत् अनुसार नयाँ वर्षको अवसरमा २०५४ सालदेखि टिस्टुङ बज्रवाराहीमा न्हुँः दँ भिन्तुना अर्थात् नयाँ वर्षको शुभकामना कार्यक्रम आयोजना गरिँदै आएको छ ।

आयोजकले दिएको जानकारी अनुसार टिस्टुङको सडक महोत्सव विशेष हुनेछ । बज्रवाराहीस्थित सरस्वति बजार मै आयोजना गरिने महोत्सवमा अन्य महोत्सवमा जस्तो राष्ट्रिय भनिने अन्य सथनका कलाकारहरू आउने छैनन् । 'स्थानीय नै राष्ट्रिय कलाकार हुन्, उनीहरू हाम्रो प्राथमिकता हो ।' संयोजक श्रेष्ठले भने । श्रेष्ठका अनुसार महोत्सवमा सरस्वति बजार पुरै सजाइनेछ । स्थानीय व्यवसायीहरूले आआफ्नो पसल विशेष सजाउने छन् र सामानहरू प्रदर्शन तथा विक्री गर्ने छन् ।

यसको अतिरिक्त स्टलहरूमा थाहा नगरमा उत्पादन भएका कृषि उपजहरूको प्रदर्शन तथा विक्री गर्नुका साथै थाहा नगरमा रहेको इट्टा, पाइप, कपास, कपडा जता उद्योगका उद्यत्पादनहरूलाई प्रदर्शन तथा विक्री गरिनेछ । थाहा नगरमा रहेका सहकारी , बैंक, वित्तीय संस्था तथा अन्य निजी, सरकारी तथा गैरसरकारी संस्थाहरूको प्रवर्धन कक्षहरू पनि महोत्सवमा राखिनेछ । थाहा नगरका नागरिकलाई आवश्यक पर्ने तर स्थानीय क्षेत्रमा सहजै प्राप्त गर्न नसकिने सामानहरूको लागि मात्र नगर बाहिरबाट आह्वान गरिने आयोजकले योजना बनाएको छ । 'हामीले थाहा नगरमा पर्यटक र पैसा भित्र्याउने हो, त्यसैले यहीँ पाउने सामानको लागि बाहिरका व्यापारीहरूलाई स्टल विक्री गरिने छैन,' संयोजक श्रेष्ठले स्पष्ट पारे ।

# गोरखनाथमा वृक्षारोपन



◆ विकास संवाददाता

लायन्स क्लब अफ पिस थाहा र लियो क्लब अफ पिस थाहाको आयोजनामा मकवानपुर थाहानगरको गोरखनाथ मन्दिर वरिपरिको डाँडामा बृक्षारोपण गरिएको छ ।

१९ असार विहान गोरखनाथ डाँडामा र आसपासमा विभिन्न फुल, तेजपत्ता, लौठसल्ला र टिम्मुर गरि करिब २ सय ५० बिरूवा रोपिएको हो । बृक्षारोपण कार्यक्रममा गोरखनाथ मन्दिर संरक्षण युवा समिति, गोरखनाथ कल्याण केन्द्रका पदाधिकारीलगायत स्थानीयको उल्लेखनीय उपस्थिति थियो।

पहिरो न्युनिकरण, मन्दिर क्षेत्र हराभरा बनाउने उदेश्यले बृक्षारोपण गरिएको कार्यक्रम संयोजक गणेश बिष्टले जानकारी दिए ।

२६ औं विश्व स्तनपान सप्ताह २०१८
अगष्ट १ देखि ७, २०१८ (श्रावण १६ देखि २२, २०७५)
"स्तनपान : जीवनको आधार"



✓ बच्चाले जन्मेको १ घण्टा भित्र स्तनपान गराऔं ।
✓ बच्चालाई जन्मे देखि ६ महिनासम्म आमाको दूध मात्र खुवाऔं ।।
✓ बच्चालाई ६ महिना पुरा भए पछि थप पौष्टिक आहारको साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं ।।।
थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# गीतमा मौलिकता खोज्दै लोक गायिका दुरा



*नौ डाँडा काटेर पारी*
*छोडी आयाँ लमजुङको घरबारी*
*लमजुङ तुर्लुङकोट*
*सरररर..हावा चल्यो लाँकुरीको बोट*

असंख्य लोकगीत गाएर नेपाली लोकपारखी माझ ख्याति कमाएकी बिमाकुमारी दुरा पछिल्लो समय गायन क्षेत्रमा त्यति सारो देखिन्नन् । 'छुट्यो माया जाल', 'खैरेनीमा गेट', 'वनको काफल वनकै चरीलाई', 'फूल्यो निमपत्ता' र 'सरररर पानी घट्टामा' जस्ता कैयन् कालजयी गीतले दुरालाई नेपाली लोकगायन क्षेत्रको उचाइमा पुऱ्यायो ।

उनको गीत कुनै बेला नेपाली लोकदोहरी क्षेत्रमा चर्चाको शिखरमा थियो, जनजिब्रोमा झुण्डिएको थियो र देश-विदेशका नेपाली स्रोताबीच चर्चा कमाएको थियो । उनी मेलापर्व, विभिन्न उत्सव र सांगीतिक कार्यक्रममा निकै व्यस्त देखिन्छिन् । उनले झण्डै दुई सय गीत आफैँले रचना गरेकी छन् भने अरूका पाँच हजारभन्दा बढी गीतमा स्वर दिएकी छन् ।

विसं २०२८ वैशाख ९ मा तत्कालीन सिन्दूरे गाविस-५, लमजुङमा बुबा दलबहादुर र आमा शान्तामाया दुराको कोखबाट जन्मिएकी दुरा बाल्यकालदेखि नै गीतप्रति आकर्षित थिइन् । पहाडी मनोरम प्रकृति, जीवन्त संस्कृति, गाउँले जीवन, चाडपर्व र मानिसका दुःख-सुख हेर्दै हुर्कंदै गर्दा पाखा पखेरामा गुञ्जने भाका टिपेर गुनगुनाउन थालिन् । उनलाई अरूभन्दा लोक भाकाले लोभ्यायो । 'लोकगीत भनेपछि हुरूक्कै हुन्थेँ, मैले आठ वर्षको उमेरमा मेलापाता, घाँस दाउरा र गोठालो जाँदादेखि नै गाउन शुरू गरेको हुँ', उनी भन्छिन् । दुराका गीतले धेरैको मन र मुटु छोएको छ । कर्णप्रिय स्वरका कारण उनको गीत धेरैको जिब्रोमा झुण्डिएको छ । उनी जहिल्यै गितमा मौलिकपन दिन रूचाउँछिन् ।

## सडक सकस ।



**विकास पत्रकार**

मकवानपुर थाहा नगरपालिका वडा नं. ७ को सुन्दर बस्तीको सडक । स्थानीय भरत कार्कीले फेसबुकमा यो फोटो राख्दै लेखेका छन् *'थाहा-७ को सुन्दरबस्ती रे बाटोको हालत यस्तो न त नगरलाई चिन्ता, न त वडालाई नै, न त नेतालाई । गाउँको समस्या कसले बुझ्दोरैछ र ? _ केही छ उपाए ?'*
- फोटोः भरत कार्की/आग्रा

'**विकास** पत्रकार'स्तम्भका लागि तपाईको वरपरका घटना तथा गतिविधिका फोटो हामीलाई फेसबुकमा पठाउनुहोस ।*www.facebook.com/BikasKhabar*

**भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।**

जनकल्याणको चाहना र लक्ष्य, व्यावसायिक र गुणस्तरीय शिक्षा ।

**श्री जनकल्याण साधारण तथा प्राविधिक विद्यालय**

थाहा नगरपालिका-३,घट्टेचौर मकवानपुर

यस श्री जनकल्याण साधारण तथा प्राविधिक विद्यालय थाहा नगरपालिका-३, मा नेपाल सरकार CTEVT को सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा DIPLOMA (I.sc.Ag) कार्यक्रम अन्तर्गत शैक्षिक सत्र २०७५/०७७ का लागि भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।

| सि. नं. | विवरण | DIPLOMA कार्यक्रमका लागि I.Sc .Ag बाली विज्ञान |
|---|---|---|
| १. | Diploma in I.Sc.Ag Plant Science | SEE मा अंग्रेजी, गणित र विज्ञान मध्ये कुनै २ विषयमा ग्रेड C र कुनै एक विषयमा D+ आएको हुनुपर्ने । |
| २. | आवेदन शुल्क | रु.१०००।- |
| ३. | फारम बुझाउने अन्तिम मिति | २०७५ श्रावण २५ गते |
| ४. | प्रवेश परीक्षा | २०७५ भाद्र १ गते बिहान १० बजे |

**शिक्षालयको विशेषताहरू :**
१. कम्प्युटर तथा ई-लाईब्रेरीको व्यवस्था ।
२. प्रयोगात्मक एवम फिल्ड अवलोकनमा जोड दिइने ।
३. डिप्लोमा अध्ययन पश्चात B.Sc.Ag पढ्न पाइने ।
४. योग्य, दक्ष तथा अनुभवी प्रशिक्षकहरुद्धारा मल्टी मिडियाको माध्यमबाट अध्यापन गराइने ।

**आवश्यक कागजातहरु :**
१. पासपोर्ट साइजको २ प्रति फोटो ।
२. SEE वा SLC को मार्कसिट, शैक्षिक प्रमाण-पत्र को प्रतिलिपी ।
३. नागरिकता वा नामावलि प्रमाण-पत्र वा जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपी ।

**I.sc Ag किन ?**
१. सिपमुलक तथा व्यवसायिक शिक्षामा आधारित भएकोले रोजगारीको ग्यारेन्टि ।
२. अध्ययन संगै आय आर्जन गर्न सकिने ।
३. यो शिक्षा पछि नेपाल सरकारको ना.सु. पदमा प्रतिस्पर्धा गर्न सकिने ।
४. आफ्नै गाउँमा अध्यापन हुने भएकोले कम मूल्यमा गुणस्तरिय शिक्षा प्राप्त गर्न सकिने ।


कुल लागत

| | |
|---|---|
| १. पहिलो वर्ष | रु.७५,०००।- (रु.१०,०००।-(धरौटी सहित) |
| २. दोस्रो वर्ष | रु.६५,०००।- |
| ३. तेस्रो वर्ष | रु.५०,०००।- |
| जम्मा | रु.१,९०,०००।- |

सम्पर्क नं.कार्यालय ०५७-६२०३६४, प्र.अ.९८५५०६७६९५, लेखा: ९८६०२६३७७७ Email : janakalyan2025@gmail.com

**न्यू सहायता इन्टरप्राइजेज**

सम्पर्कः ९८१२२५२१६८, थाहा-३, नेपाल विद्युत प्राधिकरण भन्दा १०० मीटर तल भ्याली हार्ट एकेडेमी भएपट्टी



आकर्षित पर्दाहरु, भ्याट कार्पेट, सोफाको खोल (कपडा सहित) म्याट्रेस, म्याट्रेस कभर, रिप कार्पेट, कार्पेट, पि फम साथै बैंक, हस्पिटल, होटल तथा अन्य अफिसियल पर्दाहरु **यहाँसुपथ मूल्यमा** पाइन्छ ।

**थाहा नगरपालिका**
**थाहा नगर कार्यपालिकाको कार्यालय**
*इन्द्रायणी चौर, मकवानपुर*

## सूची दर्ता सम्बन्धी सुचना !

यस थाहा नगरपालिकाको लागि आर्थिक वर्ष २०७५।०७६ मा आवश्यक पर्ने वस्तु तथा सेवा उपलब्ध गराउन सार्वजनिक खरिद नियमावली २०६४ को नियमको १८ को उपनियम (१) बमोजिम मौजुदा सूचीमा समावेश हुन वा अद्यावधिक गर्न उक्त नियमावलीको अनुसूची २(क) को ढाँचामा निवेदन पेश गर्नु हुन इच्छुक व्यक्ति, फर्म, संस्था, आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवा प्रदायकलाई जानकारी गराइन्छ ।

*-प्रमुख प्रशासकीय अधिकृत*

**थाहा नगरपालिका**
**थाहा नगर कार्यपालिकाको कार्यालय**
*इन्द्रायणी चौर, मकवानपुर*

## नगरबासीहरूका लागि जरूरी सूचना !

*सूचना प्रकाशित मितिः २०७५ साउन २१ गते*

यस थाहा नगरपालिकामा बसोबास गर्ने नगरबासीहरुले शौचालय निर्माणसंगै शौचालयलाई व्यवस्थित गर्नका लागि सेफ्टी ट्याङ्की निर्माण नगरी खुल्ला रुपमा नजिकको खोला, खोल्सा तथा सडक छेवैको नालामा छोड्ने गरेको गुनासो प्राप्त भएकोले यसरी सेफ्टी ट्याङ्की निर्माण नगर्ने नगरबासीलाई कानून अनुसार कारबाहीसम्म गरिने नगर कार्यपालिकाको बैठकको निर्णय भएकोले सेफ्टी ट्याङ्की निर्माण नगर्नेहरुले एक महिनाभित्र शौचालयको सेफ्टी ट्याङ्की निर्माण गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

*-प्रमुख प्रशासकीय अधिकृत*



**अनलाईनबाटै**
ufpB/sf va/, caljZje/
**www.bikaskhabar.com**
लगअन गर्नुहोस् ।

*'तपाई जहाँ, विकासखबर त्यहाँ'*
दैनिक कुर्नै पर्दैन
पलपलको खबर....

विकासखबर डट.कम.
इमेलः
bikaskhabar@gmail.com

● kSfzs :सुरजकुमार भुजेल (९८५५०६८६९५) ● ;Dkfbs : कुमार नेगी (९८५५०६८०७०) ● sfof{no : थाहा-४, मकवानपुर ● dbf} : श्रीया अफसेट प्रेस हेटौंडा ● 0d]n *bikaskhabar@gmail.com*